नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

visit Nepal 2020

पत्र संख्याः ज.यो.त.वि.शा. २०७६/२०७७ | च.नं.: ११०

मितिः २०७६/०५/१२

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/निकाय ।

अत्यन्त जरुरी

विषयः रा.प.प्रथम, द्वितीय र तृतीय श्रेणीका रिक्त पदहरुको विवरण सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस मन्त्रालयको प.सं.-ज.यो.त.वि.शा.२०७६/२०७७, च.नं. ७८/८१, मिति २०७६/०५/०३ को पत्रहरुबाट तहाँ वा अन्तर्गत निकायमा रिक्त रहेका पदहरुको माग आकृति फारम भरी मिति २०७६/०६/०२ गते भित्र उपलब्ध गराउन अनुरोध गरिएको व्यहोरा विदितै होला ।

विशेष कारणवश उक्त मिति अगावै पदपूर्ति सम्बन्धी कार्यवाही अगाडि बढाउनु पर्ने भएकोले यस आ.व. २०७६/०७७ मा रा.प. प्रथम, द्वितीय र तृतीय श्रेणीका (प्राविधिक/अप्राविधिक) रिक्त पदहरुको पदपूर्ति गर्ने प्रयोजनका लागि त्यस मन्त्रालय/आयोग/सचिवालय/निकाय र अन्तर्गत रिक्त रा.प. प्रथम, द्वितीय र तृतीय श्रेणीका सबै सेवा, समूह र उपसमूहका (छुट्टाछुट्टै पानामा संलग्न गरी) तपसिल अनुसारको ढाँचामा नेपाल सरकारको हालै स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुरुप रिक्त पदहरुको माग आकृति फारम भरी मिति २०७६/०५/१५ गते भित्र यस शाखामा पठाउन हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७६/०५/१२ को निर्णयानुसार अनुरोध छ ।

साथै, कतिपय निकायबाट यस अघि प्राप्त माग आकृति फारम तोकिएको ढाँचामा प्राप्त नभएको देखिएकोले पुनः प्रेशित गर्न र निर्दिष्ट ढाँचामा प्रमाणित कागजात सहित तोकिएको मितिभित्र प्राप्त नभएको पत्रउपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

तपसिलः

| क्र.सं. | श्रेणी | पद | सेवा | समूह/उपसमूह | स्वीकृत कुल दरवन्दी (एकै श्रेणी/सेवा/समूह/उप-समूहको | चालु आ.व.मा रिक्त हुने र भएका संख्या | | जम्मा रिक्त पद संख्या | पद रिक्त भएको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनिवार्य अवकाश | अन्य कारणबाट रिक्त | | | |
| | | | | | | | | | | |

संलग्न गर्नुपर्ने कागजातहरु

- पद रिक्त भएको कारण सम्बन्धी प्रमाणित कागजात (अवकाश पत्र, बढुवा/नियुक्ति पत्र, दरवन्दी सृजनाको निर्णय र पद दर्ताको प्रमाण पत्र)
- नि.से.ऐन, २०४९ को दफा ७(क)को उपदफा (३) बमोजिम चालु आ.व.मा अवकाश तथा बढुवाबाट रिक्त हुने पदको समेत गणना गरी माग फारम पठाइएको भए के कसरी हुने हो सोको
- पूरा विवरण समेत पेश गर्नुपर्नेछ ।
- रा.प.प्रथम र द्वितीय (प्राविधिक), रा.प.प्रथम र द्वितीय (अप्राविधिक), रिक्त पदहरुको विवरण सम्बन्धित निकायको रा.प.विशिष्ठ श्रेणी (सचिव)बाट छुट्टाछुट्टै पानामा प्रमाणित गराई पठाउनु पर्नेछ ।

किरण थापा
शाखा अधिकृत

**वोधार्थः**
श्री सूचना तथा प्रविधि शाखा, स.मा.त.सा.प्र.मन्त्रालय : वेवसाइटमा अपलोड गरिदिन हुन ।